
भोटेकोशी-त्रिशुली बाढी सम्बन्धी खोज, उद्धार तथा राहत अपडेट

२०८३ असोज ३० गतेसम्म



नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

संक्षिप्त सारांश



१० भदौ २०८३ (२६ अगस्ट २०२६) का दिन ल्हेन्दे खोला-भोटेकोशी-त्रिशूली-नारायणी नदी प्रणालीमा आएको भीषण आकस्मिक बाढी मनसुनी वर्षाका कारण नभई रसुवा जिल्लास्थित लाङटाङ-लिरुङ हिमालको उत्तरी भेगमा करिब ५,२०० मिटर उचाइमा रहेको झुण्डिएको हिमनदी र चट्टानी भूभाग (करिब २.० वर्गकिमि) छुट्टिएर ३,८०० मिटरमा रहेको ल्हेन्दे हिमनदीमा बज्रिँदा उत्पन्न हिम-चट्टान पहिरो (ice-rock avalanche) र सोपछिको ल्हेन्दे बहावका कारण सिर्जना भएको हो। सो हिम-चट्टान खस्दा उत्पन्न तीव्र कम्पनका कारण बिहान ०८:३७ बजे ५.२ म्याग्निच्युडको भूकम्पीय सङ्केत रेकर्ड भएको थियो।

उद्गमस्थलबाट करिब १८८ कि.मि./घण्टाको तीव्र गतिमा बगेको बाढी ७ देखि ८ मिनेटभित्रै २० किमि दूरी पार गरी बिहान ०८:४५ बजे नेपाल-चीन सीमा (रसुवागढी) पुगेको थियो र ०८:५० बजे स्याफ्रुबेँसी तथा ०९:२० बजे बेत्रावतीका जलमापन केन्द्रहरु ध्वस्त बनाएको थियो।

घटनाक्रम तथा पूर्वचेतावनी (समयरेखामा)

मिति र समय	घटनाक्रम तथा पूर्वचेतावनी	मुख्य घटनाक्रम तथा पूर्वचेतावनीको विवरण
भदौ १०, बिहान ०८:३७	घटनाक्रम	लाङटाङ-लिरुङ हिमालको उत्तरी भेगमा करिब ५,२०० मिटर उचाइमा रहेको झुण्डिएको हिमनदी र चट्टानी भूभाग (करिब २.० वर्गकिमि) छुट्टिएर ३,८०० मिटरमा रहेको ल्हेन्दे हिमनदीमा खसेको। सो हिम-चट्टान खस्दा उत्पन्न तीव्र कम्पनका कारण ५.२ म्याग्निच्युडको भूकम्पीय सङ्केत रेकर्ड भएको थियो।
भदौ १०, बिहान ०८:४५	पूर्वचेतावनी	रसुवा भन्सार कार्यालय, टिमुरेका कर्मचारीद्वारा रसुवा जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीलाई नेपाल-चीन नाकाबाट अत्यधिक बहाव भएको बाढी आएको (करिब २०० देखि ३०० मिटर उचाइ माथिसम्म पुगेको) भन्ने जानकारी आएको।
भदौ १०, बिहान ०८:४५	पूर्वचेतावनी	तिब्बत क्षेत्रबाट भोटेकोशी नदीमा भीषण बाढी आएको सूचना जिल्ला प्रशासन कार्यालय, रसुवा मार्फत पूर्वसूचना भएको।
भदौ १०, बिहान ०८:४६ देखि ०८:५४	पूर्वचेतावनी	रसुवा जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीले भोटेकोशी नदी बेसिनका सम्भावित जोखिमयुक्त क्षेत्रहरु (स्याफ्रु, मैलुङ, बेत्रावती, उत्तरगया गाउँपालिकाका अध्यक्ष, जलविद्युत आयोजनाहरु लगायत) का सम्पर्क व्यक्तिहरुसँग टेलिफोन सम्पर्क गरी बाढीको बहाव अत्याधिक रहेकोले नदी किनारबाट २०० मिटर उचाइ दूरीसम्मका बसोबास गर्ने बासिन्दाहरुलाई तत्काल सुरक्षित स्थानमा सार्नका लागि सुरक्षाकर्मी र उपलब्ध संयन्त्र मार्फत अनुरोध गर्नु भएको।
भदौ १०, बिहान ०८:५५ देखि ०८:५७	पूर्वचेतावनी	रसुवा जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीले नुवाकोट, धादिङ र चितवनका प्रमुख जिल्ला अधिकारीहरु र गृह मन्त्रालयलाई बाढीको मात्रा र त्यसले पार्न सक्ने जोखिम क्षेत्रसहित जानकारी गराउनु भएको। साथै, नदी किनारबाट २०० मिटर उचाइ दूरीसम्मका बसोबास गर्ने बासिन्दाहरुलाई तत्काल सुरक्षित स्थानमा सर्ने वा सार्नका लागि अनुरोध गर्नु भएको।
भदौ १०, बिहान ०८:५८	पूर्वचेतावनी	गृह मन्त्रालयको शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा प्रमुखले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुखलाई घटनासम्बन्धी जानकारी गराउनु भएको।
भदौ १०, बिहान ०८:५९	पूर्वचेतावनी	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुखले जल तथा मौसम विज्ञान विभागलाई घटनाको जानकारी गराउदै, त्रिशूली नदी बेसिनको क्षेत्रका सम्भावित जोखिमयुक्त बासिन्दाहरुलाई SMS अलर्ट पठाउन अनुरोध गर्नुभएको।
भदौ १०, बिहान ०९:००	पूर्वचेतावनी	जल तथा मौसम विज्ञान विभागलाई तिब्बत क्षेत्रबाट भोटेकोशी नदीमा भीषण बाढी आएको सूचना राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र बेत्रावती जलमापन केन्द्रका कर्मचारीमार्फत प्राप्त भएको। सो पश्चात् तटीय क्षेत्रका बासिन्दालाई सुरक्षित स्थानमा जान आग्रह गरिएको।

मिति र समय	घटनाक्रम तथा पूर्वचेतावनी	मुख्य घटनाक्रम तथा पूर्वचेतावनीको विवरण
भदौ १०, बिहान ०९:१५	पूर्वचेतावनी	तिब्बत क्षेत्रबाट बाढी बगेर आएको सूचना प्राप्त भएपछि रसुवा, नुवाकोट, धादिङ र चितवनका मुग्लिनसम्मका नदी तटीय बासिन्दाहरूलाई उच्च सतर्कता अपनाउन पूर्वचेतावनी एसएमएस (SMS) प्रेषित गरियो।
		बाढी पूर्वअनुमान महाशाखाले नेपाल टेलिकम (४,३५,६३५) र एनसेल (२,४३,६६०) मार्फत कुल ६,७९,२९५ वटा पूर्वचेतावनी एसएमएस प्रेषित गऱ्यो।
भदौ १०, बिहान ०९:२०	पूर्वचेतावनी	बेत्रावती जलमापन केन्द्रबाट तथ्याङ्क प्रेषण अवरुद्ध भयो। सो समयमा अन्तिम जलसतह 3.55 मिटर मापन गरिएको थियो (चेतावनी तह: ४.१ मिटर, खतरा तह: ५ मिटर)।
भदौ १०, बिहान ०९:३५	पूर्वचेतावनी	दूरसञ्चार कम्पनीहरूमार्फत प्रभावित क्षेत्रका मोबाइल प्रयोगकर्ताहरूलाई बाढी सम्बन्धी आपत्कालीन alert सन्देशहरू पठाइयो।
भदौ १०, बिहान १०:२८	पूर्वचेतावनी	बाढीको बहाव धादिङको गल्छी क्षेत्रमा पुगेपछि पृथ्वी राजमार्ग, मुग्लिन-नारायणगढ सडक खण्ड र त्रिशूली नदी करिडोरका बजार तथा बस्तीमा उच्च सतर्कता अपनाउन पुनः सूचना जारी गरियो।
भदौ १०, बिहान ११:२६	पूर्वचेतावनी	फुर्के (मलेखु) जलमापन केन्द्रमा जलसतहले चेतावनी तह पार गरेको र लगातार बढ्न थालेको।
भदौ १०, बिहान ११:४३	घटनाक्रम	फुर्के (मलेखु) जलमापन केन्द्रमा जलसतहले खतरा तह पार गऱ्यो। केही समयमै बाढीले जलमापन केन्द्र र सोसँग जोडिएको पुल बगाएर लग्यो।
भदौ १०, बिहान ११:५०	पूर्वचेतावनी	बाढी मलेखु बजार क्षेत्र पुगेपछि मुग्लिन, नारायणगढ र त्रिशूली नदी तटीय क्षेत्रका बासिन्दालाई तत्काल सुरक्षित स्थानमा स्थानान्तरण हुन एसएमएसमार्फत आह्वान गरियो।
भदौ १०, दिउँसो ०१:२०	पूर्वचेतावनी	चितवन-देवघाट जलमापन केन्द्रमा जलसतह ४.७६ मिटर पुगेको। बाढीको मुख्य बहाव दिउँसो १५:३० बजे देवघाट पुग्ने र जलसतह ८ मिटरसम्म पुग्न सक्ने अनुमान गरियो।
भदौ १०, दिउँसो ०१:३५	पूर्वचेतावनी	चिनियाँ पक्षबाट प्राप्त सूचना अनुसार नदी थुनिएर बनेको ताल पूर्ण रूपमा नबगेकाले जोखिम कायम रहेको भन्दै सतर्कता सन्देश प्रेषित गरियो।
भदौ १०, दिउँसो ०३:२०	पूर्वचेतावनी	बाढीको बहाव नारायणी/देवघाट क्षेत्रमा पुगेको।
भदौ १०, अपराह्न ०४:००	घटनाक्रम	देवघाट जलमापन केन्द्रमा बाढीको जलसतह ६.५७ मिटरको उच्चतम विन्दुमा पुग्यो। देवघाटमा बाढीको अधिकतम बहाव (Peak Discharge) ५,८५० m^3/s मापन गरियो। कुल ५७.४० मिलियन घनमिटर जलप्रवाह भएकोमा 19.96 मिलियन घनमिटर अतिरिक्त बाढीको पानी रहेको आकलन गरियो।
भदौ ११, बिहान ११:४४	पूर्वचेतावनी	स्याटेलाइट (Planet Labs/Landsat) तस्बिरको विश्लेषणबाट रसुवागढी नाकाभन्दा 18 किमि माथि लेन्दे खोला थुनिएर ०.११ वर्गकिमि क्षेत्रफलको ताल बनेको पुष्टि भयो। ताल फुट्न सक्ने जोखिम रहेकोले तल्लो तटीय क्षेत्रमा उच्च सतर्कता जारी गरियो।
भदौ १२, राति ०८:४५	पूर्वचेतावनी	चिनियाँ पक्षबाट प्राप्त सूचना अनुसार भोटेकोशीमा जलसतह पुनः बढेकाले मुग्लिनसम्मका त्रिशुली तटीय क्षेत्रमा उच्च सतर्कता अपनाउन सूचना जारी गरियो।
भदौ १३, बिहान ०४:३१	पूर्वचेतावनी	भोटेकोशी नदीमा बाढीको गर्जन/बहाव बढेको सुनिएकाले रसुवा, नुवाकोट र धादिङका नदी किनारका बस्तीहरूलाई सतर्क रहन सूचना दिइएको।
भदौ १३, बिहान ०७:२०	पूर्वचेतावनी	भोटेकोशी नदीमा बाढीको सतह थप बढेको सूचना प्राप्त भएसँगै खोजी, उद्धार तथा राहत टोली र तटीय बासिन्दाहरूलाई उच्च सतर्कता अपनाउन पुनः चेतावनी जारी गरियो।



हालसम्म भएका मुख्य मुख्य समन्वय बैठकको विवरण (समयरेखामा)

मिति	समय	बैठकको विवरण
भदौ १०	८:४५ AM	जिल्ला प्रशासन कार्यालय, रसुवाले आपत्कालीन अवस्थाको विश्लेषणसहित बाढीको जोखिमसम्बन्धी सरोकारवाला निकायलाई जानकारी गराइएको। साथै, नदी किनारबाट २०० मिटर उचाई दूरीसम्मका बसोबास गर्ने बासिन्दाहरुलाई तत्काल सुरक्षित स्थानमा सर्ने वा सार्नका लागि उहाँले अनुरोध भएको।
भदौ १०	९:१५:०० AM देखि निरन्तर हालसम्म (नियमित)	आपत्कालीन अवस्थाको विश्लेषणसहित खोज तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन केन्द्रीय मनसुन प्रतिकार्य कमाण्ड पोष्टको बैठक सुरु भएको। स्थलगत, हवाई तथा विभिन्न जलविद्युत आयोजनाहरुमा भएका खोज तथा उद्धार कार्यका साथै जिल्ला मनसुन प्रतिकार्य कमाण्ड पोष्टसँग निरन्तर समन्वय गरिएको। साथै, खोज, उद्धार तथा राहत प्रक्रियामा देखिएका नीतिगत समस्याहरुको समाधान तथा सहजीकरण गरिएको। हालसम्म 37 भन्दा बढी पटक बैठक बसिसकेको।
भदौ १०	११:०० AM	विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को बैठक बसेको।
भदौ १०	१२:३० PM	नेपाल सरकार मन्त्रिपरिषद्को बैठक बसेको।
भदौ १०	०१:०० PM	सम्मानीय प्रधानमन्त्रीज्यूले प्रभावित क्षेत्रका संसद तथा जनप्रतिनिधिसँगको आपत्कालीन खोज तथा उद्धारलाई प्रभावकारी बनाउने विषयमा छलफत गर्नु भएको।
भदौ १०	६:०० PM देखि निरन्तर हालसम्म (नियमित)	विषयगत मन्त्रालय, विभाग, निकाय तथा साझेदार संस्थाहरु सँगको प्रगति समीक्षा बैठक।
भदौ ११		राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको (३५ औँ बैठक) बैठक
भदौ १५		रसुवा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक।
		नुवाकोट जिल्ला विपद् व्यवस्थापन समितिको बैठक।
भदौ १२	निरन्तर हालसम्म (नियमित)	भदौ १२ गते आपत्कालीन अवस्थामा संवेदनशील पूर्वाधार सञ्चालन तथा सेवा विस्तारका लागि १६ वटा परिचालन टोली गठन गरिएको र दैनिक रुपमा प्राधिकरणमा ती टोलीको बैठक बसी प्रगती समीक्षा हुने गरेको।
भदौ २०		रसुवा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक।
		नुवाकोट जिल्ला विपद् व्यवस्थापन समितिको बैठक।
भदौ २१	०४:०० PM	विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको (३६ औँ बैठक) बैठक बसेको।
भदौ २४		रसुवा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक।
भदौ २५	०३:०० PM	उच्चस्तरीय समीक्षा बैठक (सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा) -समग्र विपद् व्यवस्थापन र राहत परिचालनको उच्चस्तरीय समीक्षा।
भदौ २५		नुवाकोट जिल्ला विपद् व्यवस्थापन समितिको बैठक।
भदौ ३०	०१:०३ PM	NPDRR को नेपाली नाम विपद् जोखिम न्यूनीकरण राष्ट्रिय मन्च हो।
भदौ ३०	०२:०० PM	रसुवा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक।
भदौ महिनामा: २८, २९, ३०, ३१ गते असोज महिनामा: २, ५, ७, ८, १०, १३,१५, २५, २६ गते		संयुक्त कमान्ड पोष्टको (केन्द्र, रसुवा, नुवाकोट, धादिङ) बैठक।
असोज १		नुवाकोट जिल्ला विपद् व्यवस्थापन समितिको बैठक।
असोज ५		कानुन, न्याय तथा मानव अधिकार समितिमा रसुवास्थित भोटेकोशी बाढीबाट प्रभावित क्षेत्रमा विपद् व्यवस्थापन, प्रभावित नागरिकको मानव अधिकार संरक्षण तथा जलवायु न्याय सम्बन्धमा छलफल गरिएको।
असोज १४	०१:०० PM	विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको (३७ औँ बैठक) बैठक बसेको। Search & Rescue बाट Search & Recovery मा जाने निर्णय।
असोज १६		संघीय संसद सचिवालय बैठकमा रसुवा भोटेकोशी बाढी सम्बन्धी खोज, उद्धार तथा राहतको विषयमा जानकारी गरिएको।

मिति	समय	बैठकको विवरण
असोज १९		विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को एक्काइसौं बैठक बसेको।
		खोज तथा उद्धारको चरण स्थगन गर्ने गरी कार्यकारी समितिले सिफारिस गरेकोले अत्यावश्यक खोज तथा उद्धार गर्नुपर्ने स्थानहरु बाहेक हालका लागि खोज तथा उद्धार (Search and Rescue) को कार्यबाट खोज तथा पुनर्निर्माण/पुनर्स्थापना (Search, Reconstruction/Recovery) को कार्य अगाडि बढाउन सम्बन्धित निकायलाई निर्देशन दिएको।
असोज २०		हिमालमा जलवायु परिवर्तनको प्रभाव, जलवायु न्याय तथा भोटेकोशी-त्रिशूली विपद् सम्बन्धी संसदीय विशेष समितिलाई भोटेकोशी-त्रिशूली विपद् सम्बन्धमा खोज, उद्धार, राहत तथा पुनर्स्थापना सम्बन्धमा छलफल भइरहेको कार्यको जानकारी गरिएको।
असोज २७		भोटेकोशी एवम् कालीगण्डकी करिडोर विपद् सम्बन्धी अध्ययन तथा अनुगमन संसदीय विशेष समितिलाई भोटेकोशी एवम् कालीगण्डकी करिडोर क्षेत्रमा भएको जनधनको क्षतिको विवरण तथा हालसम्म भएका खोजी, राहत तथा उद्धारको जानकारी गरिएको।






भोटेकोशी-त्रिशुली बाढी सम्बन्धी खोज, उद्धार तथा राहत अपडेट

मिति :२०८३ असोज २६ गतेसम्म

यो तथ्यांक जिल्ला प्रशासन कार्यालय तथा राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रहरूबाट प्राप्त विवरणका आधारमा तयार गरेको हो।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

मानवीय क्षति *(मृत्यु संख्या विभिन्न मानव अङ्ग सहित)*



कुल मृत्यु
१,४५७

उपचार


- हालसम्म **१ जनाको** उपचार भईरहेको र **३०७ जना** डिस्चार्ज भएको साथै **४ जना**को उपचारका क्रममा मृत्यु भएको
- विभिन्न सुरक्षा निकायबाट उपचार भएका : **११,१०५**

कुल उद्धार
१३,७९५

डिएनए नमूना संकलन
१,३३० मृतक
२,०६६ आफन्त

शवहरुको विवरण
३३७ महिला
५९३ पुरुष
५२७ आंशिक अंग

बेपत्ता



कुल बेपत्ता
५,२८५

** हालसम्म सनाखत भएका शवको संख्या ११२ घटाइएको*

बैकल्पिक बसोबास तथा जिविकोपार्जन अनुदान

- होल्डिंग सेन्टरमा बस्न नचाहने परिवारलाई बैकल्पिक बसोबासको व्यवस्था नहुन्जेल बढीमा ६ महिनासम्म बसोबास र जिविकोपार्जनका लागि ४ जनासम्मको परिवारलाई प्रति परिवार मासिक **१५ हजार** र परिवारमा सो भन्दा बढी सदस्य भएमा प्रति सदस्य थप **२ हजार** प्रदान गरिने। उक्त अनुदान प्राप्त गर्ने प्रकृया निर्धारण भइ कार्यान्वयनका लागि सम्बन्धित स्थानीय तहमा पठाइएको।

११
होल्डिङ सेन्टर

हाल होल्डिङ सेन्टरमा रहेका

नुवाकोट : ६७ (होल्डिङ सेन्टर: १)
रसुवा : २२९ (होल्डिङ सेन्टर: ६)
धादिङ : १२१ (होल्डिङ सेन्टर: ४)

सुरक्षाकर्मी परिचालन
२०,४७७

कुल हवाई उडान
५,०६२
सर्टिज

२,२६८
नेपाली सेना
२,७९४
निजी

डिएनए परीक्षणका लागि सम्बन्धित जिल्ला प्रहरी कार्यालयमा २ वटा फोटो र नाता प्रमाणितसहित नमूना दिन सकिने।

माथि उल्लिखित सम्पर्कविहीनको संख्यामा पहिचान नभएका शवहरु, उद्धार गरिएका केही व्यक्तिहरु तथा दोहरोपना भएका विवरण समेत हुनसक्ने। तथ्यांक रुजु गर्ने कार्य भइरहेकोले सम्पर्कविहीनहरुको उल्लिखित संख्यामा केही थपघट हुनसक्ने।

खोज तथा उद्धार (Search, rescue & evacuation team को रिपोर्ट कार्ड अनुसार)

विभिन्न जलविद्युत आयोजनामा भइरहेको खोज तथा उद्धार कार्य

आयोजना	गरिएका कार्य
रसुवागढी (१२० मे.वा.)	CQRT तथा आयोजनाको प्रतिनिधि सहितको टोली पावर हाउस, Transformer Room र Control Room सम्म पुग्न सफल भएको।
	पावर हाउस इलाका र वरपर खोजी गर्दा केही पनि फेला नपरेको।
	जिल्ला सुरक्षा समिति रसुवा र रसुवागढी हाइड्रोका निमित्त कार्यकारी अधिकृत बीचको छलफलबाट तत्कालका लागि खोज तथा उद्धार कार्य आवश्यक नरहेको निर्णय भएको।
	सम्भावित जोखिम र प्रतिकार्यको लागि फौजलाई तयारी राखिएको।
लाङ्गटाङ्ग (२० मे.वा.)	नेपाली सेना र चिनियाँ DART Team संयुक्त टोलीले आयोजनाको टनेलभित्र करिब १७० मिटरसम्म प्रवेश गरी Thermal Drone मार्फत खोजतलास गर्दा केही फेला नपरेको।
	माथिल्लो त्रिशुली१ Adit ३ मा नेपाली सेना र चिनियाँको संयुक्त टोलीले खोज तथा उद्धार कार्य गरेको।
	Manually १७० मि. सम्म Clear गरी हाल ३० मि. मात्र बाँकी रहेको।
	रसुवा जिल्लाको जिल्ला सुरक्षा समितिका पदाधिकारी र आयोजना प्रमुख विजय मोहन भट्टराईबाट स्थलगत निरीक्षण भएको।
	जिल्ला सुरक्षा समिति रसुवा र आयोजनाको प्रवन्ध निर्देशकबिच विद्युत गृहमा रहेको Debris निकाल्ने कार्य आयोजना कम्पनी स्वयमले अगाडी बढाउने र खोज तथा उद्धार कार्य तत्कालको लागि आवश्यक नभएको भनि निर्णय भएको।
	सम्भावित जोखिम र प्रतिकार्यको लागि फौजलाई तयारी राखिएको।
चिलिमे (२२ मे.वा.)	सशस्त्र प्रहरी बल नेपालले तुईनबाट Relief Items ओसारपसार र टनेलमा खोजी कार्य गरेको।
	आवश्यक Scuba Equipment सहित नेपाली सेना परिचालन भएको।
	२५० मि. टनेल Breakthrough गरी Control Room सम्म Clear गर्दा ५ वटा शव निकालिएको।
	टनेलभित्र वाटर पम्पबाट पानी फाल्ने कार्य भइरहेको।
	८० मि. Debris clear गरेको।
	रसुवा जिल्लाको जिल्ला सुरक्षा समितिका पदाधिकारी र आयोजना प्रमुखबाट स्थलगत निरीक्षण भएको।
	जिल्ला सुरक्षा समिति रसुवा र आयोजनाको प्रवन्ध निर्देशकबीच खोज तथा उद्धार कार्य तत्कालको लागि आवश्यक नभएको भनि निर्णय भएको।
	सम्भावित जोखिम र प्रतिकार्यको लागि फौजलाई तयारी राखिएको ।
माथिल्लो त्रिशुली -१ (२१६ मे.वा.)	हाकुबेशीस्थित अडिट१ टनेलमा आयोजनाका प्रतिनिधिसहित नेपाली सेना-५ जनाको टोलीले टनेलको २०० मिटर भित्रसम्म खोजतलास गर्दा केही पनि फेला नपरेको।
	माथिल्लो त्रिशुली Adit३ मा Thermal Drone सहित खोज तथा उद्धार कार्य गरेको।
	कोरियन टिमद्धारा आवास तथा अफिस ईलाकामा ड्रोन रेकी गरेको।
	नेपाली सेना र चिनियाँको संयुक्त टोलीले आयोजनाको Adit३ मा Manually रुपमा खोजतलास गरेको।
	नेपाली सेनाको हवाई साधनबाट एस्काभेटरको बडी आयोजनास्थल लगिएको।
	आयोजनाको हाकुबेशीस्थित अडिट३ टनेलभित्र (ढलान गर्नको लागि डण्डीको जाली बुनिएको संरचनामा) शवहरु अल्झिएर रहेको अवस्थामा फेला पारेकोमा शव निकाल्नको लागि Grinder-3, ग्याँस कटर-1 र Rotary Rescue Saw-2 प्रयोग गरी ६ वटा शव निकालिएको।
	Grinder, Gas Cutter र Rotary Rescue Saw प्रयोग गरी फलाम काटी ३१ वटा शव निकालिएको।
	Adit३ बाट Adit१ जाने Axis २२०० मि. Debris फालि Clear गरिएको।
	उक्त इलाकामा Trucks, Compressor Machines, फलामको जालि तथा विभिन्न Equipment हरु रहेको कारण Excavator प्रयोग गरी कार्य गर्न कठिनाई भएको हुँदा थप कार्य अघि बढाउन नसकिने भनी जलविद्युत आयोजनाका इन्जिनियरले जानकारी गराएको।
	सम्भावित जोखिम र प्रतिकार्यको लागि फौजलाई तयारी राखिएको।

आयोजना	गरिएका कार्य
त्रिशुली 3ए (६० मे.वा.)	टनेल र पावर हाउस इलाकामा खोजतलास गरेको। खोजीको क्रममा केही पनि फेला नपरेको।
	अविरल वर्षाको कारण टनेल वरिपरिबाट माटो तथा गेग्रान बगेर टनेलको मुख (करिब ४ फिट) बन्द भएको हुँदा खोल्ने कार्य भएको।
	सुरक्षा निकाय र आयोजनाका प्रतिनिधिहरुको संयुक्त टोलीले टनेल, पावर हाउस र आसपासको इलाकामा खोजतलास गरेकोमा केही पनि फेला नपरेको।
	सम्भावित जोखिम र प्रतिकार्यको लागि फौजलाई तयारी राखिएको।
त्रिशुली 3बी (३७ मे.वा.)	नदीको सतहभन्दा करिब 2 मिटर गहिराईसम्म निरन्तर रुपमा उत्खनन गर्दा आयोजनाको कार्यालय भवनको जग फेला परेको तर आवास इलाका (A1, A2, B1, B2 र D भवन) को कुनैपनि संरचना फेला नपरेको।
	टनेलको Inlet मा पानी बगिरहेको, Adit१ ४७६ मिटर र Adit२ २.७ कि.मि. Clear भएको।
	Field मा Engineer तथा सुरक्षा फौजद्वारा अवलोकन गर्दा कुनै पनि मानव अवशेष फेला नपरेको भनि Field निर्णय गरिएको।
	सम्भावित जोखिम र प्रतिकार्यको लागि फौजलाई तयारी राखिएको ।

मित्रराष्ट्रहरुबाट खट्टिएका खोज तथा उद्धार टिम

सि.नं.	देश	खट्टिएको संख्या	विवरण	हालको अवस्था
१	चीन	२४	Tunnel Experts - ८	असोज १ गते काठमाडौं फिर्ता
			Forensic - १५	
२	भारत	५४	भारतीय सेना - २४	असोज १ गते काठमाडौं फिर्ता
			NDRF - ११	
			Forensic Experts - १९	
३	दक्षिण कोरिया	३९	KDRT - ३९	भाद्र २६ गते स्वदेश फिर्ता
		४	KDRT - ४	असोज १ गते काठमाडौं फिर्ता
४	यु.ए.ई	१३	Tunnel expert	भाद्र ३१ गते स्वदेश फिर्ता
५	मलेसिया	१०	Drone expert	भाद्र २७ गते स्वदेश फिर्ता
६	अस्ट्रेलिया	२६	Drone expert - १९	भाद्र २९ गते स्वदेश फिर्ता
			Forensic-७	
जम्मा		१७०		

खोज तथा उद्धारको क्रममा भएका कार्यहरु

- नुवाकोटस्थित विपद् प्रतिकार्य Tactical HQ अन्तर्गत नुवाकोट (त्रिशुली पारी कोलोनी, तुप्चे, सोले, दानसिङ, सामरी भञ्ज्याङ्ग, बेत्रावती) तथा रसुवा जिल्लाका विभिन्न प्रभावित स्थानहरुमा Base स्थापना गरी निरन्तर खोज तथा उद्धार कार्य सञ्चालन गरिएको।
- त्रिशुलीस्थित श्री नं. १ सैन्य तालिम केन्द्रमा खडा गरिएको Tactical Signal Center मा UHF Base जडान गरिएको र Rescue Help Desk सञ्चालनमा ल्याइएको।
- टिमुरे दु त्रिवेणी ३३८ कि.मि. अन्तर्गत ८ वटा प्रभावित जिल्लाहरुमा नदी तटीय क्षेत्रमा संयुक्त खोज तथा उद्धार टोली मार्फत Dog Sniffing and Drone को परिचालन मार्फत खोज, उद्धार तथा शव संकलन गर्ने कार्य संचानल गरिएको।
- ८ वटा प्रभावित जिल्लाहरुमा नदी तटीय क्षेत्र वरिपरी विभिन्न फरक प्रकृतिका कार्यहरुमा खटिएको प्रहरी जनशक्ति जम्मा १,३४६ जना र ३३८ कि.मि. दूरीमा खटि गई गरिएका कार्यहरु:- खोज तथा उद्धार कार्य

आधुनिक प्रविधि प्रयोग

- संयुक्त खोज तथा उद्धार टोलिमार्फत भोटेकोशी- त्रिशुली खोला कोरिडेमा Thermal Drone लगाएत विभिन्न प्रविधियुक्त ड्रोनको प्रयोग गरि रेकी तथा खोजतलासको कार्य गरिएको।

संयुक्त खोज तथा उद्धार परिचालन

- नेपाली सेना, अन्य सुरक्षा निकायहरु, विदेशी सेना तथा टोलीहरु, स्थानीय प्रतिनिधि र आयोजनाका प्रतिनिधिहरुको संयुक्त टोलीद्वारा प्रभावित क्षेत्रहरुमा प्रभावकारी रुपमा खोज तथा उद्धार कार्य गरिएको।
- नेपाली सेना तथा सुरक्षा निकायद्वारा नुवाकोटका देवीघाट र रसुवाका मैलुङ्ग, स्याफ्रुवेशी, कालिकास्थान, मानचेत, चन्दनबारी तथा टिमुरेका भग्नावशेष इलाकाहरुमा तीव्र रुपमा खोजतलास कार्य निरन्तर जारी राखिएको।

परिचालन टोली मार्फत भएका मुख्य कार्यहरु

टोलीको नाम	सम्पादित मुख्य कार्यहरु
Emergency Communication Restoration Team	नेपाल टेलिकम र एनसेलका अधिकांश बीटीएस (BTS) टावरहरु सञ्चालनमा ल्याइएको छ।
	नुवाकोट, धादिङ र रसुवाका विभिन्न मुख्य स्थानहरुमा इन्टरनेट सेवा पुनःस्थापना गरिएको छ ।
Electricity Restoration and Backup Power Team	मिति २०८३/०६/०३ बिहान १०:०० बजेदेखि शतप्रतिशत विद्युत सेवा सुचारु भएको।
Search, Rescue and Evacuation Team	हालसम्म उद्धार गरिएकाहरुको संख्या: १३,७९५ जना
	सुरक्षाकर्मी परिचालन: २०,४७७ जना
	नेपाली सेनामार्फत हालसम्म २,२६८ Helicopter Sorties र निजी मार्फत २,७९४ Helicopter Sorties द्वारा हवाई उद्धारको कार्य र सामान ढुवानी भइरहेको।
	केही जलविद्युत आयोजनामा खोज तथा उद्धार कार्य भइरहेको।
Emergency Health and Medical Response Team	हालसम्म विभिन्न १९ वटा अस्पतालमा ३४४ जनाको उपचार भएको।
	विभिन्न सुरक्षा निकायबाट उपचार भएका: ११,१०५ जना रहेको।
	हालसम्म ३४ वटा EMT टोली परिचालन।
Dead Body Management Team	कुल संकलित शव: १,४५७
	जमिनमुनि सुरक्षित भण्डारण: १,३३५
	परिवारलाई हस्तान्तरण: ११२
	DNA फरेन्सिक परीक्षण: ३,३९६ (मृतकको र वेपत्ता भएका नागरिकहरुका आफन्तहरुबाट)
International Assistance and Donor Coordination Team	कुल राहत प्राप्त भएको: ७६ पटक
	१७ वटा देशहरुबाट प्राप्त भएको: ४५ पटक
	अन्तर्राष्ट्रिय संघ-संस्थाहरुबाट प्राप्त भएको: २४ पटक
	संयुक्त राष्ट्रसंघीय निकायहरुबाट प्राप्त भएको: ७ पटक
	मित्रराष्ट्रहरुबाट खट्टिएका खोज तथा उद्धार टोली: ६ देशका १७० जना
	अन्तर्राष्ट्रिय विधि विज्ञान विशेषज्ञ टोली: ६ देशका ४२ जना
Transport and Road Connectivity Team	मलेखु-मुग्लिङ खण्ड कृष्णभीर क्षेत्रमा वैकल्पिक रुपमा सडक तयार गरिएको।
	पृथ्वी राजमार्ग सडक जोड्ने सडक मर्मत गरी यातायात संचालन।
	देवीघाटस्थित तादी नदीमा बेलिब्रिज पुल संचालन।
	बेत्रावतीस्थित बेलिब्रिज पुल संचालन।
	धुन्चेदेखि स्याफ्रुबेँसी जोड्ने कार्य सुरु भएको छ।
	त्रिशूली नदी पारीको भू-भागसँगको सम्पर्क सुचारु गर्न बेलिब्रिज निर्माणका लागि काम भइरहेको।
Rapid Damage and Needs Assessment Team	कुल भौतिक क्षति: रु २७,४४८.३२ करोड (USD १,८१२.०१ मिलियन)।
	कुल आर्थिक नोक्सानी: रु १३,३८०.५८ करोड (USD ८८३.३२ मिलियन)।
	कुल विपद् प्रभाव: रु ४०,८२८.९१ करोड (USD २,६९५.३३ मिलियन)।

टोलीको नाम	सम्पादित मुख्य कार्यहरु
Rapid Damage and Needs Assessment Team	कुल पुनर्निर्माण तथा पुनर्लाभ आवश्यकता: रु ७२,३३१.५२ करोड (USD ४,७७४.९९ मिलियन)।
	कुल विपद् प्रभाव र पुनर्लाभ आवश्यकता नेपालको आर्थिक वर्ष २०२४/२५ को प्रारम्भिक अनुमानित नाममात्र कुल गार्हस्थ्य उत्पादन (Nominal GDP) को क्रमशः ६.६९% र ११.८४% बराबर रहेको छ।
Missing Persons and Family Assistance Team	सम्पर्कविहीन: करिब ५,२८५
	रसुवाबाट सम्पर्कविहीन : ३,५१४
	रसुवा जिल्लाका नागरिक : १,६७४
	अन्य जिल्लाका नागरिक : १,८४०
	नुवाकोटबाट सम्पर्कविहीन: १,२४७
	नुवाकोट जिल्लाका नागरिक: ६५७
	अन्य जिल्लाका नागरिक (रसुवा बाहेक): ५९०
	विदेशी नागरिक : करिब ७२० जना
Relief (Food, Water and Essential Supplies)	जिल्ला प्रशासन कार्यालय र स्थानीय तहको संयन्त्र परिचालन गरी उपलब्ध सूचनाका आधारमा यथासक्य अत्यावश्यक तयारी खाद्यवस्तु तथा अन्य सामग्रीहरुको आपूर्ति गरिएको।
	हरेक दिन प्रभावित स्थानीय तह, वडासँग सम्पर्क गरी आवश्यकताको रिपोर्ट कार्ड बनाएको र सो अनुसार आपूर्ति गरिएको।
	राहत वितरणको तथ्याङ्क सेतु प्रणाली र संघ-संस्था मार्फत वितरण भएको राहतको विवरण 5W Reporting system प्रविष्ट गरिएको।
Airport Coordination Team	RCC मार्फत हेलि उडानलाई व्यवस्थित गर्ने कार्य भइरहेको।
	अन्तर्राष्ट्रिय सहायता स्वरुप प्राप्त राहत सामग्रीको व्यवस्थापनमा समन्वयकारी भूमिका।
	नेपाली सेनाको २,२६८ र निजी क्षेत्रको २,७९४ सर्टिज गरी कुल ५,०६२ सर्टिज हेलि उडान।
सकुशल उद्धार गरिएका, बेपत्ता तथा मृतकहरुको नाम सार्वजनिक गर्ने Team	प्रधिकरणको Website मा सकुशल उद्धार गरिएका व्यक्तिको विवरण सार्वजनिक गरिएको।
	नेपाल प्रहरीको Website मा फेला परेका शव सार्वजनिक गरिएको।
Camp Management Team	Resettlement तथा Shelter व्यवस्थापन कार्ययोजना, २०८३ र विस्तृत क्षति आकलन कार्ययोजना तयार गरिएको।
Shelter & WASH Team	शहरी विकास तथा भवन निर्माण विभागबाट प्रश्नावली फारम तयार भई फिल्डमा २,०२७ घरपरिवारको डाटा संकलन गरिएको।
Data & Technology Team	हालसम्म जम्मा ४४ वटा ड्रोनहरु उपलब्ध रहेका छन्। तीमध्ये खोज तथा उद्धार कार्यमा प्रयोग गर्न सकिने २० वटा विशेष थर्मल ड्रोन, राहत सामग्री ढुवानीका लागि ११ वटा कार्गो ड्रोन, फोटो तथा भिडियोमार्फत घटनास्थलको निरीक्षण तथा अनुगमन गर्न ६ वटा निगरानी ड्रोन र साँघुरा तथा सीमित स्थानहरुमा खोज तथा उद्धार कार्य सञ्चालन गर्न ७ वटा ट्याक्टिकल ड्रोन रहेका छन्।
	ड्रोनबाट ९,०५१ केजिभन्दा बढी राहत सामग्री ढुवानी गरिएको।
	१२८ भन्दा बढी पटक उडान गरिएको।


द्रुत क्षति तथा आवश्यकता आकलन (RDNA) प्रतिवेदनअनुसार मुख्य विवरण

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको नेतृत्वमा, राष्ट्रिय योजना आयोगको सहयोग र सम्बन्धित सरकारी निकायहरुको योगदानमा तयार गरिएको आकलनका मुख्य निष्कर्ष:

आकलनमा समेटिएका जिल्ला: RDNA ले रसुवा, नुवाकोट, धादिङ, गोरखा र चितवन गरी पाँच जिल्लाको उपलब्ध क्षेत्रगत तथ्याङ्क समेटेको छ। प्रतिवेदनमा यी जिल्लाबाहिर पनि बाढीको प्रभाव परेको उल्लेख छ।

कुल आर्थिक क्षति तथा पुनर्निर्माण आवश्यकता:

रसुवा बाढीको प्रारम्भिक क्षति तथा आवश्यकता आंकलन



कुल भौतिक क्षति

रु २७,४४८.३२ करोड

(USD १,८१२.०१ मिलियन)

कुल विपद् प्रभाव

रु ४०,८२८.९१ करोड

(USD २,६९५.३३ मिलियन)

कुल आर्थिक नोक्सानी

रु १३,३८०.५८ करोड

(USD ८८३.३२ मिलियन)

कुल पुनर्निर्माण तथा पुनःलाभ आवश्यकता

रु ७२,३३१.५२ करोड

(USD ४,७७४.९९ मिलियन)

कुल विपद् प्रभाव र पुनःलाभ आवश्यकता नेपालको आर्थिक वर्ष २०२४/२५ को प्रारम्भिक अनुमानित नाममात्र कुल गार्हस्थ्य उत्पादन (nominal GDP) को क्रमशः ६.६९% र ११.८४% बराबर रहेको छ।

पूर्वाधार क्षेत्र

- पूर्वाधार क्षेत्रमा सबैभन्दा ठूलो असर परेको छ, जसको कुल विपद् प्रभाव रु. १९,००४.३९ करोड र पुनर्निर्माण आवश्यकता रु. ४७,३५७.१९ करोड (USD ३,१२६.३० मिलियन) रहेको छ।
- ऊर्जा क्षेत्र: कुल ७५९.०२५ मेगावाट क्षमताका 13 वटा जलविद्युत् आयोजना, २४.३६ मेगावाटका ५ वटा सौर्य प्लान्ट, १ सबस्टेसन, प्रशारण लाइन तथा वितरण प्रणाली प्रभावित भएका छन्।
- सडक तथा पुल: ६९ किमी सडक क्षतिग्रस्त भएको छ। प्रभावित ३७ वटा पक्की पुलमध्ये 33 वटा बगेका छन् र ६८ वटा झोलुङ्गे पुलमा क्षति पुगेको छ।

सामाजिक क्षेत्र

- सामाजिक क्षेत्रमा कुल विपद् प्रभाव रु ६,७८७.१० करोड र पुनर्निर्माण आवश्यकता रु. १०,३५४.९९ करोड रहेको छ।
- निजी आवास: कुल ७,५७० वटा निजी घरहरु क्षतिग्रस्त (रु. ६,३८८.४८ करोड बराबरको क्षति) भएका छन्।
- सार्वजनिक भवनहरु: ४८ वटा सार्वजनिक संरचनामा क्षति पुगेको छ (३५ वटा पूर्ण क्षति र १३ वटा आंशिक क्षति)।
- शिक्षा तथा स्वास्थ्य: १८ वटा विद्यालयहरु (११ वटा पूर्ण र ७ वटा आंशिक क्षति) र ७ वटा स्वास्थ्य संस्थाहरु (४ वटा पूर्ण नष्ट र ३ वटा आंशिक क्षति) प्रभावित भएका छन्।

उत्पादनशील क्षेत्र

- उत्पादनशील क्षेत्रमा कुल विपद् प्रभाव रु. १५,०३७.४२ करोड (USD ९९२.७० मिलियन) र पुनःलाभ आवश्यकता रु. ५,०७७.४९ करोड रहेको छ। यसमा मुख्यतः व्यापारिक तथा आर्थिक गतिविधि र जीविकोपार्जनमा ठूलो नोक्सानी (रु. १४,६१९.७३ करोड) पुगेको छ।


क्रस-कटिङ तथा विपद् जोखिम न्यूनीकरण (Cross-Cutting Sector):

- विपद् जोखिम न्यूनीकरण (DRR) तथा नदी व्यवस्थापनका लागि रु. ९,४७५.३१ करोड र लेदो/फोहोर (Debris) व्यवस्थापनका लागि रु ५१.५४ करोड आवश्यकता तोकिएको छ।

शव व्यवस्थापन तथा संकलित DNA नमूना सम्बन्धित विवरण

जिल्लागत उद्धार र जमिनमुनि सुरक्षित भण्डारण गरिएका शव

- कुल संकलित शव: १,४५७
- जमिनमुनि सुरक्षित भण्डारण: १,३३५
- परिवारलाई हस्तान्तरण: ११२



जिल्लागत संकलित र जमिनमुनि सुरक्षित भण्डारणको तुलना

DNA फरेन्सिक परीक्षण (३,३९६)

- मृतकको DNA परीक्षण संख्या: १,३३०
- वेपत्ता भएका नागरिकहरुका आफन्तहरुबाट DNA परीक्षण संख्या: २,०६६

अन्तर्राष्ट्रिय विधि विज्ञान विशेषज्ञ टोली

नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला:

- भारत – १९ (DNA expert)
- सिंगापुर – २ (Fingerprint expert)
- कोरिया – ३ (DNA expert)
- अमेरिका – ३ (Fingerprint expert)
- चीन – १५ (DNA expert)
- टिमुरे टु त्रिवेणी ३३८ कि.मि. अन्तर्गत ८ वटा प्रभावित जिल्लाहरुमा नदी तटीय क्षेत्रमा संयुक्त खोज तथा उद्धार टोली मार्फत Dog Sniffing and Drone को परिचालन मार्फत शव संकलन गर्ने कार्य संचानल गरिएको।
- टिमुरे ईलाकामा फेला परेका शव ब्यवस्थापनको लागि त्रिशुली सम्म ल्याउन Sling Load Operation गरीएको।खोज तथा उद्दार कार्यको लागि ड्रोनहरु प्रयोग भइरहेको र उद्दारको दौरान फेला परेका शवहरुको Sling Load Operation भएको र उक्त अपरेसन

सम्पन्न नभएसम्मको लागि ड्रोन उडान रोक्न सूचना प्रवाह गरिएको।

- रसुवा जिल्लाको बाह्रघुम्ती, बोकेझुण्डा, स्याफ्रुवेशी लगायतको स्थानमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको संयुक्त टोलीद्वारा खोज तथा शव संकलनको कार्य गरिएको।

रसुवा बाढीसँग सम्बन्धित अपराध व्यवस्थापन

मिति	जिल्ला	घटना	व्यवस्थापनमा भएको कार्य
११ भदौं, २०८३	चितवन	नारायणी नदीबाट उद्धार गरिएको बाढी पीडितको शवबाट धनमाल निकालिएको भिडियो सामाजिक सञ्जालमा भाइरल भएको थियो।	२ पक्राउ
१२ भदौं, २०८३	धादिङ	शिशुली नदी किनारमा बाढीले बगाएको तिजोरी फोरी भीडले नगद लुटेको थियो।	२९ नियन्त्रणमा रु. ९२,६८,५०५ बरामद
१६ भदौं, २०८३	काठमाडौं	संदिग्धले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषका नाममा झुटो चन्दा उठाएको र प्रहरीलाई बाधा पुऱ्याएको थियो।	१ पक्राउ
२२ भदौं, २०८३	साइबर ब्युरो	संदिग्धले बाढी दुर्घटनालाई लिएर जातजातिलाई होच्याउने तथा अपमानित गर्ने भिडियो फेसबुकमा राखेको थियो।	१ पक्राउ विद्युतीय कारोबार ऐन
२२ भदौं, २०८३	साइबर ब्युरो	सामाजिक सञ्जाल खलबल्याउने 173 वटा पोस्ट विभिन्न प्लेटफर्ममा चिन्ह लगाइयो; ८८ वटा हटाइयो।	१७३ चिन्हित ८८ हटाइयो
२६ भदौं, २०८३	धादिङ (जि.प्र.का.)	बाढीमा हराएका सुनका गहना स्थानीय बासिन्दाले फेला पारी लुकाएको र पछि बरामद गरिएको थियो।	१ नियन्त्रणमा गहना बरामद

भग्नावशेष व्यवस्थापन

- देवीघाट क्षेत्रमा ३ वटा एक्स्काभेटर, ३ वटा ब्याकहो लोडर र ३ वटा टिपर परिचालन गरिएको छ ।
- ढुङ्गे क्षेत्रमा 3 वटा एक्स्काभेटर, २ वटा ब्याकहो लोडर र २ वटा टिपर परिचालन गरिएको छ ।
- त्रिशुली क्षेत्रमा 1 एक्स्काभेटर र १ टिपर तथा गल्छी क्षेत्रमा २ वटा एक्स्काभेटर र एउटा टिपर परिचालन गरिएको छ ।
- भग्नावशेष व्यवस्थापन तथा हटाउने कार्यका लागि कार्यविधि (SOP) तयार गर्ने, संयुक्त स्थलगत भ्रमण गर्ने तथा तत्कालीन, अल्पकालीन र दीर्घकालीन पुनर्स्थापना तथा पुनर्निर्माणको अवधारणागत खाका तयार गर्ने विषयमा छलफल तथा योजना तर्जुमा गरिएको छ ।
- प्रभावित 15 स्थानीय तह, समुदायमार्फत भग्नावशेष व्यवस्थापन तथा हटाउने कार्य भइरहेको।

सडक, पुल तथा यातायात क्षेत्र (Transport and Road Connectivity Team को रिपोर्ट कार्ड अनुसार)

घटनाक्रम तथा पूर्वचेतावनीको (समयरेखामा)

मिति	घटना विवरण
१० भदौं २०८३	पृथ्वी राजमार्गको बैरेनी, जरिखेत, पोक्रे, गलौंदी, परेवाभिर क्षेत्रको लेदो माटो सहितको पहिरो यातायात पूर्ण रुपमा अबरुद्ध भएको।
	गल्छी-देबिघाट खण्डको ठूली खोला नजिक लेदो सडकमा जम्मा भएकोले, तादी नदीको दुवै पुल बगाएकोले यातायात पूर्ण रुपमा अबरुद्ध भएको।
	देबिघाट- ढुंगे खण्डको ढुंगे क्षेत्रमा लेदो सडकमा जम्मा भएकोले, यातायात पूर्ण रुपमा अबरुद्ध भएको।
	ढुंगे बेत्रावती खण्डको ढुंगे क्षेत्रमा लेदो सडकमा जम्मा भएकोले, र करिब 5 कि.मि सडक बगाएको कारण यातायात पूर्ण रुपमा अबरुद्ध भएको।
	बेत्रावतीस्थित फलाखु खोलामा पुल बगाएको कारण रसुवा संगको सडक यातायात पूर्ण रुपमा अबरुद्ध भएको।
	त्रिसुली नदी, फुर्के स्थित पुल बगाएको कारण धादिङसँगको सडक यातायात रुपमा अबरुद्ध भएको।
१२ भदौं २०८३	गल्छी-बैरेनी खण्डमा अवरोध हटाई यातायात सञ्चालन (एकतर्फी) आएको।

मिति	घटना विवरण
१४ भदौ २०८३	पृथ्वी राजमार्गको कृष्णभीरमा त्रिसुलीले Toe Cutting गर्दा यातायात पूर्ण रुपमा अबरुद्ध भएको।
	धारापानी क्षेत्र, शितल बजार क्षेत्रमा Toe Cutting गर्दा यातायात अबरुद्ध भएको।
२८ भदौ २०८३	अस्थायी ट्रयाकबाट सीमित सवारी परीक्षण र सडक ट्रयाक निर्माण कार्य गरिएको।
१ असोज २०८३	पृथ्वी राजमार्गको कृष्णभीरमा यातायात संचालनमा अएको।
१५ असोज २०८३	गल्छी-बेत्रावती सडकमा अस्थायी ट्रयाक खुलेपछि सवारी आवागमन सुचारु; बेली ब्रिज निर्माण तथा सडक सुधारको काम जारी रहेको।
२३ असोज २०८३	पृथ्वी राजमार्गको गलौंदी क्षेत्रमा नदीको कटानका कारण यातायात अबरुद्ध भएको।
२५ असोज २०८३	फलाखु खोलामा बेली ब्रिज सञ्चालनमा आएपछि नुवाकोट-रसुवा सडक सम्पर्क पुनः स्थापित गरिएको।

१. मुख्य प्रगति विवरण

- पृथ्वी राजमार्गको गल्छी -मुग्लिंग खण्ड, गल्छी-देवीघाट-त्रिशूली-बेत्रावती सडक खण्डको बिभिन्न क्षेत्रमा toe cutting का कारण भासिएको सडक, केहि पूर्ण रुपमा बगेको खण्ड लेदो माटो सहितको पहिरोका कारण अबरुद्ध सडक यथाशिघ्र मर्मत गरी यातायात संचालन गरिएको। बेत्रावती-मैलुंग-स्यफ्रुबेशी खण्ड तथा स्यफ्रुबेशी-रसुवागढी खण्डमा सडक पूर्णरुपमा बगाएका एबम पुलहरुमा भएको क्षेतिका कारण यातायात सञ्चालनमा अवरोध सिर्जना भएकोमा वैकल्पिक सडक मर्मत गरी जिल्लाहरुलाई पुनः सडक सञ्जालमा जोड्ने कार्य गरिएको छ।
- मलेखु-मुग्लिङ खण्डको कृष्णभीर क्षेत्रको बिकल्पको रुपमा बेनिघाट- फिसलिंग सडकको ट्रयाक निर्माण कार्य शूरु गरिएको छ।
- पृथ्वी राजमार्ग अवरुद्ध हुँदा प्रयोग गर्न सकिने वैकल्पिक मार्गको रुपमा धादिङबेसी परेवाटार-नेपालटार, गजुरीटार, पिपलटार,आदमटार वेलिनटार केउरिनीटार हुँदै मास्टार (ह्याम्लेट रेष्टुरेण्ट) पृथ्वी हाइवे सडक जोड्ने सडक मर्मत गरी यातायात संचालनमा आएको छ।
- देवीघाटस्थित तादी नदी, बेत्रावतीस्थित फलाखु खोलामा नेपाली सेनाको सहयोगमा बेलिब्रिज निर्माण गरी यातायात संचालन गरिएको छ।
- कोल्फु खोला पुलको मुख्य मर्मतका लागि कार्य निर्माण व्यवसायी मार्फत कार्य भैरहेको छ।
- धुन्चेदेखि स्याफ्रुबेँसी जोड्ने सडक मर्मत कार्य सुरु भएको र स्याफ्रुबेँसीमा बेलिब्रिज निर्माणको तयारी हुँदै गरेको छ।
- त्रिशूली नदी पारीको भू-भागसँगको सम्पर्क सुचारु गर्न बेलिब्रिज निर्माणका लागि सडक बिभागद्वारा बेलिब्रिज उपलब्ध गराउने गरी बिदुर नगरपालिकाद्वारा कार्य भइरहेको छ।
- रसुवा, नुवाकोट र धादिङ जिल्लाका यातायात पहुँचका लागि वैकल्पिक मार्गहरुको प्रदेश सरकार, स्थानीय निकाय, सडक बिभागबाट मर्मत भई यातायात चालु रहेका छन्।
- चिलिमे जलविद्युत आयोजनाको टनेलसम्म पुग्ने सडक तयार गर्ने क्रममा ब्लास्टिङ्ग गरी बाटो बनाउने कार्य गरिएको।

२. मुख्य समस्या तथा चुनौतीहरु

- धुन्चे-स्याफ्रुबेंसी-रसुवागढी सडक, आमाछोदिङमो गाउँपालिका, गोसाइकुण्ड गाउँपालिका र उत्तरगया गाउँपालिकाका क्षेत्रहरुका साथै त्रिशूली बजार, त्रिशूली अस्पताल र धादिङ सदरमुकामलाई जोड्ने सडक तथा पुल सञ्जालको पुनर्स्थापना वर्तमान अवस्थामा अत्यन्त अपरिहार्य एवं अत्यावश्यक भएको छ।

३. आगामी कार्यदिशा तथा थप पहल

- क्षतिग्रस्त सडक तथा पुलहरुको मर्मतसम्भार र स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइएको छ।

४. झोलुङ्गे पुल तथा तुइन (रोप क्रसिङ)

- नुवाकोट र रसुवाको सीमा क्षेत्र विदुर नगरपालिका-१०, बेत्रावतीमा संयुक्त सुरक्षा फौज र स्थानीय बासिन्दाहरुको संयुक्त टोलीले निर्माण गरेको करिब 35 मिटरको काठे फड्के (पुल) लाई मिति २०८३।०५।२८ गते राति परेको वर्षापछिको बाढीले क्षति पुर्‍याएपछि पुनः करिब ३० मिटरको फड्के निर्माण सम्पन्न गरिएको।

तुइन

- रसुवा र नुवाकोट जिल्लाको विभिन्न इलाकाहरुमा उपयुक्त स्थानमा अस्थायी रुपमा तुइनहरु जडान गरी राहत प्रदान गर्नको लागि ड्रोन र हेलिकप्टरमार्फत रेकी गरिएको।
- देवीघाट र सिरखौली जोड्ने करिब १५५ मिटर त्रिशुली नदीमाथि तुइन जडान गरी सफल प्राविधिक परीक्षण पश्चात सञ्चालन गरिएको।
- नुवाकोट जिल्ला, विदुर न.पा.९ इन्द्रायणीघाटदेखि कोलोनीको गुम्बा जोड्ने करिब २५० मिटर त्रिशुली नदीमाथि तुइन जडान गरी सफल Load परीक्षण गरिएको। उक्त तुइन कोलोनी तथा त्रिशुली बजार र ढुङ्गे तथा गेर्खुटार इलाकालाई जोड्ने हुँदा उक्त इलाकामा बसोबास गर्ने स्थानीय बासिन्दाहरु लाभान्वित भएका छन्।
- इन्द्रायणीघाटदेखि कोलोनीको गुम्बा जोड्नको लागि तुइन जडान गरिएकोमा उक्त इलाकामा स्थानीय बासिन्दाहरुको चाप अधिक भएको हुँदा उक्त स्थानमा करिब २४० मिटरको पुनः दोस्रो तुइन जडान गरेको।
- धुन्चेदेखि स्याफ्रुबेँसी जोड्ने चिलिमे जलविद्युत आयोजनाको टनेलसम्म पुग्ने तुइन जडान गरेको।

झोलुङ्गे पुल

- नेपाली सेनाका दक्ष इन्जिनियर प्राविधिकबाट ढुङ्गे बुद्ध मन्दिरको तल्लो भागबाट त्रिशुली बजार जोड्ने करिब २५० मिटर लम्बाईको झोलुङ्गे पुल निर्माणको परामर्श सहित कार्य सम्पन्न गरेको।
- नेपाल निर्माण व्यवसायी महासंघको लगानीमा नुवाकोट जिल्ला, विदुर न.पा.1 ढुङ्गेबाट त्रिशुली बजार जोड्ने करिब २५० मिटर लम्बाईको झोलुङ्गे पुल निर्माणको गरिएको।
- असोज महिनाभित्र अति आवश्यक कुल २० वटा झोलुङ्गे पुलको मर्मत सम्पन्न गर्ने लक्ष्य रहेको १८ वटा हाल संचालनमा अएको छ।

Shelter and Camp Coordination and Management (CCCM) / Shelter Cluster

मिति	सम्पादित कार्यहरु
भाद्र १०	बाढी आएपश्चात Shelter and Camp Management Cluster अन्तर्गतका कार्यहरु सुरु भएको।
भाद्र ११	DUDBC को आह्वानमा CCCM/Shelter Cluster को आकस्मिक बैठक बिहान ८:३० बजे DUDBC सभाहल, बबरमहलमा बसेको। बैठकले प्रारम्भिक क्षति आकलन, मानवीय आवश्यकताको पहिचान, सम्बन्धित Cluster का Partner Organizations तथा Resource Mapping का सम्बन्धमा छलफल गरी कार्यमा दोहोरोपन रोक्न एकीकृत प्रतिक्रिया रणनीति (Response Strategy) तयार गरेको। साथै, बाढीग्रस्त क्षेत्रमा आवश्यक समन्वयका लागि सघन शहरी तथा भवन निर्माण आयोजनाबाट जिल्लागत रुपमा प्राविधिक परिचालन गर्न निर्देशन दिइएको।
भाद्र १४	पूर्वाधार विकास मन्त्रालयका सचिवज्यूको उपस्थितिमा बाढी प्रभावित तीनवटै जिल्लामा सि.डि.ई. को नेतृत्वमा अस्थायी आश्रयस्थलको आवश्यकता पहिचान गरी प्रतिवेदन पेश गर्ने गरी टोली परिचालन गरिएको। उक्त टोलीले प्रमुख जिल्ला अधिकारी तथा स्थानीय तहका प्रमुखसँग समन्वय गरी अस्थायी/स्थायी आश्रयस्थल निर्माण गर्न सकिने सम्भावित स्थलको पहिचान गर्दै GPS Coordinate समेतको प्रतिवेदन DUDBC मा पेश गरेको। साथै, बाढीपछिको उद्धार तथा राहतको प्रगति, क्षति भएका बस्तीको विवरण र Holding Center को अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन पेश भएको।
भाद्र १६	शहरी विकास तथा भवन निर्माणको अगुवाइमा बसेको बैठकबाट Shelter Cluster सम्बन्धी Data Collection, existing emergency center र सुरक्षित स्थान पहिचान आदि विषयमा निर्णय भएको।
भाद्र १८	विभागबाट सुरक्षित स्थानसम्बन्धी विवरण पेश भएको। त्यसपश्चात् राहत वितरण कार्य निरन्तर भइरहेको र Holding Center सम्बन्धी जानकारी GIS मा अद्यावधिक गरिएको। सोही दिन:
	DUDBC सभाहल, बबरमहलमा Transitional Shelter/Temporary Shelter का सन्दर्भमा पूर्वसचिव, पूर्वमहानिर्देशक, आवास तथा पूर्वाधार क्षेत्रका विज्ञ, शैक्षिक संस्थाका प्रतिनिधि तथा SONA/RUPSON/SEANep लगायत विभिन्न संघसंस्थाका प्रतिनिधिको उपस्थितिमा बैठक बसी बाढीपछिको पुनर्स्थापना प्रक्रियामा जग्गा र आवासका सवालमा अनुभव आदानप्रदान (Sharing) तथा Transitional Shelter/Temporary Shelter का लागि उपयुक्त निर्माण सामग्रीको प्रयोगबारे छलफल भएको।
	CCCM/Shelter Cluster को अनलाइन (Zoom) बैठकमा प्रभावित समुदायलाई आपतकालीन आश्रय तथा गैर-खाद्य सामग्री (NFI) वितरण, Holding Center सुधार र सरोकारवालाहरुको Mapping सम्बन्धमा छलफल भएको।

मिति	सम्पादित कार्यहरु
भाद्र २२	भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मन्त्रिस्तरीय निर्णयबाट अस्थायी आवासका लागि जग्गा पहिचान गर्न नापी विभागका महानिर्देशकको संयोजकत्वमा समिति गठन भएको।
भाद्र २३ देखि ३१	DUDBC ले तयार गरेको प्रश्नावली (Questionnaire) का आधारमा नुवाकोट, रसुवा र धादिङका Holding Center मा रहेका परिवारको अस्थायी आश्रय आवश्यकता सर्वेक्षण गरी स्थानीय तह र Nepal Red Cross Society को सहकार्यमा जम्मा २,०२७ परिवारको तथ्यांक संकलन गरिएको।
भाद्र २६	नेपाल सरकार, मन्त्रिपरिषद्बाट भोटेकोशी बाढीपीडितलाई मासिक रु. १५ हजार उपलब्ध गराउने निर्णय भएको। यसपछि अस्थायी आवासभन्दा घरभाडामा बस्नेको संख्या धेरै भएको र धेरै प्रभावित पालिकाबाट अस्थायी आवासको माग कम भएको। सोही दिन:
	DUDBC मा बसेको CCCM/Shelter Cluster को बैठकले राहत वितरणको अद्यावधिक विवरण, अस्थायी आवास आवश्यकता सर्वेक्षण (KOBO मूल्याङ्कन) र अस्थायी आश्रय आवश्यकताको विस्तृत समीक्षा गरेको।
	आयोजित प्राविधिक कार्यशालाले नेपाल सरकारको मापदण्डअनुरुप प्रतिमहिना रु. १५,००० भाडा सहयोग तथा जाडोयामका लागि नगद/भौचर सहायता (CVA) र वस्तुगत सहयोगको एकीकृत मार्गदर्शन तयार गरी साझेदार संस्थाहरुको कार्यशैलीमा एकरुपता कायम गर्न सहयोग गरेको।
भाद्र २९	पूर्वाधार विकास मन्त्रालयमा विभिन्न कार्यदल तथा क्लष्टर गठन भई कार्य भएको तथा मन्त्री सुनिल लम्सालको अध्यक्षतामा बसेको बैठकबाट तत्काल पुनर्स्थापनासम्बन्धी उच्चस्तरीय समन्वय समिति गठन भएको। उक्त समितिबाट Shelter सम्बन्धमा आवश्यकता पहिचान, बजेट माग लगायतका कार्य भइरहेको।
असोज २	DUDBC बाट "अस्थायी आश्रय आवश्यकता सर्वेक्षण-सारांश प्रतिवेदन" तयार भई मन्त्रालयबाट NDRRMA मा पेश गरिएको। साथै, भोटेकोशी-त्रिशूली बाढीप्रभावित परिवारको अन्तरिम आवास प्रबन्धका सन्दर्भमा विभागीय निर्णयबाट चारवटा टोली गठन भएको।
असोज १२ सम्म	Shelter Cluster बाट २३,५०६ जनालाई Reach गरी १३,४७३ जनालाई ३७,३०२ वटा गैर-खाद्य सामग्री (NFI) वितरण भएको। यस कार्यमा Red Cross Society र IOM शुरु मिति देखि मन्त्रालय तथा विभागसँग समन्वय गरी निरन्तर रुपमा भइरहेको।
असोज १३	आपतकालीन राहतपश्चात Shelter/WASH/Protection Cluster को प्राविधिक मार्गदर्शन र मापदण्ड निर्धारणका लागि DUDBC र NDRRMA को आह्वानमा प्राविधिक कार्यशाला आयोजना गरिएको।
असोज १४ र १५	आपतकालीन राहतपश्चात प्राविधिक मार्गदर्शन र मापदण्ड निर्धारणका लागि DUDBC मा लगातार प्राविधिक कार्यशाला आयोजना गरिएको। उक्त कार्यशालामा DUDBC बाट तयार भएका तथा विभिन्न संघसंस्थाबाट पेश भएका Transitional Shelter/Temporary Shelter का Prototype Design का सम्बन्धमा साझेदार संस्थारुसँग प्राविधिक सहकार्य गर्दै अस्थायी आश्रय डिजाइनको विस्तृत समीक्षा गरिएको।
असोज १५	DUDBC को निर्णय (मिति २०८३।०६।१५) अनुसार भोटेकोशी-त्रिशूली बाढीबाट विस्थापित समुदायलाई आवास पुनर्निर्माण नहुँदासम्म सुरक्षित बसोबास गराउन अस्थायी आवास व्यवस्थापनका लागि आर्किटेक्चर डिजाइन, स्ट्रक्चरल डिजाइन, लागत अनुमान तथा पुनर्निर्माणको योजनासम्बन्धी कार्यका लागि छुट्टाछुट्टै समिति गठन भएको।
असोज १९	पूर्वाधार विकास मन्त्रालय र DUDBC को आयोजनामा विश्व बसोबास दिवस २०८३ (२०२६) सम्बन्धी कार्यक्रम सम्पन्न भएको।
असोज २२	NDRRMA बाट Transitional Shelter निर्माण गर्न चाहनेहरुका लागि ७ दिने सार्वजनिक सूचना जारी भएको।
असोज २३	गठित चारवटा टोलीबाट अस्थायी आश्रयको सम्पूर्ण डिजाइन तथा लागत अनुमान फाइनल भएको।
असोज २५	पहिचान गरिएका सुरक्षित स्थानहरुमा Land Development को कार्य सम्पन्न भएको।

अस्थायी आवास निर्माणका लागि जग्गा व्यवस्थापन

भोटेकोशी-त्रिशूली बाढीबाट प्रभावित भई अन्यत्र बसोबासको विकल्प नभएका विस्थापित परिवारको अस्थायी आवास व्यवस्थापनका लागि भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, नेपाल सरकार (माननीय मन्त्रिस्तर) को मिति २०८३।०५।२२ को निर्णयानुसार नापी विभागका महानिर्देशकको संयोजकत्वमा समिति गठन भएको थियो। उक्त समितिले स्थलगत अध्ययन, जग्गा पहिचान तथा खोजी गरी पेश गरेको प्रतिवेदनका आधारमा देहायका जग्गा अस्थायी शिविर निर्माणका लागि छनोट गरिएको छ।

क्र.सं.	हालको गा.पा./ न.पा., वडा नं.	स्रेस्तामा रहेको गा.वि.स./ न.पा.	वडा नं.	नक्सा नं.	कित्ता नं.	क्षेत्रफल	स्वामित्व	कैफियत
१	बिदुर न.पा.-९	त्रिशुली	२	१०२०२९१	१३८	०-१४-१-३	नेपाल विद्युत प्राधिकरण	स्थान कोड: १६
२	बिदुर न.पा.-९	त्रिशुली	२	१०२०२९१	१४०	१-११-३-०		
३	बिदुर न.पा.-९	त्रिशुली	२	१०२०२९१	१४७	१-६-२-०		
४	बिदुर न.पा.-९	त्रिशुली	२	१०२०२९१	१४८	१०-३-०-१		
५	बिदुर न.पा.-९	त्रिशुली	२	१०२०२९१	१४९	०-९-२-१		
६	बिदुर न.पा.-९	त्रिशुली	२	१०२०२९१	१५०	३-१०-०-३		
७	बिदुर न.पा.-९	त्रिशुली	२	१०२०२९१	१५१	१-०-१-२		
८	बिदुर न.पा.-९	त्रिशुली	२	१०२०२९१	१५२	०-१२-१-३		
९	बिदुर न.पा.-९	त्रिशुली	२	१०२०२९१	१५६	१-३-०-०		
१०	बिदुर न.पा.-९	त्रिशुली	२	१०२०२९१	१५७	१-४-३-३		
११	बिदुर न.पा.-९	त्रिशुली	२	१०२०२९१	१५८	४-१३-०-३		
१२	बिदुर न.पा.-९	त्रिशुली	२	१०२०२९१	१५९	१-११-१-०		
१३	बिदुर न.पा.-९	त्रिशुली	२	१०२०२९१	१६०	१४-४-२-२		
१४	बिदुर न.पा.-९	त्रिशुली	२	१०२०२९१	१६२	१-५-१-०		
१५	बिदुर न.पा.-९	त्रिशुली	२	१०२०२९१	१६३	३-१२-१-०		
१६	बिदुर न.पा.-९	त्रिशुली	२	१०२०२९१	१६४	५-८-२-३		
१७	बिदुर न.पा.-३	खड्ग भन्ज्याङ	७	१०२०५२६	७३६	१६ रोपनी	नेपाल सरकार	स्थान कोड: ८
१९	बिदुर न.पा.-५	बिदुर	७	१०२०४५१, १०२०४११	१५५	६ रोपनी	नेपाल सरकार	स्थान कोड: १२
२०	बिदुर न.पा.-१०	गेर्खु	४	१०२०२१३	९८५	१५ रोपनी	नेपाल सरकार	स्थान कोड: ४

- उक्त जग्गामा निर्माण गरिने अस्थायी शिविरमा विस्थापित परिवारको स्थायी आवास तथा पुनर्स्थापनाको व्यवस्था नभएसम्म अस्थायी रूपमा बसोबासको व्यवस्था गरिनेछ।
- Transitional/Temporary Shelter निर्माण गरिने प्रस्तावित स्थल सरकारी मात्र नभई अन्य जग्गा पनि हुन सक्ने हुँदा भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त प्रतिवेदनका आधारमा ती जग्गाको Suitability analysis गर्नुपर्ने चुनौती रहेको छ।

अस्थायी आवास आवश्यकता सर्वेक्षण

- शहरी विकास तथा भवन निर्माण विभागबाट प्रश्नावली फारम (Questionnaire form) तयार गरी Holding Center मा रहेका नुवाकोट, रसुवा र धादिङ गरी ३ जिल्लाका स्थानीय तह र Nepal Red Cross Society को सहकार्यमा जम्मा २,०२७ परिवारको तथ्यांक संकलन गरिएको छ। "अस्थायी आश्रय आवश्यकता सर्वेक्षण-सारांश प्रतिवेदन" तयार गरी NDRRMA मा पेश गरिएको छ।

सर्वेक्षणको निष्कर्ष

सूचक	परिवारको प्रतिशत (n = २,०२७)
कुनै न कुनै माध्यमबाट सरकारी सहयोगमा अस्थायी आश्रयमा बस्न इच्छुक	८०.६०%
सरकारी सहयोगमा आफैँ भाडामा बस्न तयार	६६.९०%
अस्थायी संरचना निर्माणका लागि आफ्नै जग्गा उपलब्ध रहेको	२५.३०%

सूचक	परिवारको प्रतिशत (n = २,०२७)
बाढीप्रभावित क्षेत्र बाहिर वैकल्पिक घर रहेको	८.००%
जोखिममा रहेका परिवार	१५.४०%

- सर्वेक्षण गरिएका २,०२७ परिवारमध्ये ८०.६% परिवार कुनै न कुनै माध्यमबाट सरकारी सहयोगमा अस्थायी आश्रयमा बस्न इच्छुक छन् भने दुई-तिहाइभन्दा बढी (६६.९%) परिवार सरकारी सहयोगमा आफैँ भाडामा बस्न पनि तयार रहेको देखिन्छ। लगभग 280 परिवारले मात्र Transitional Shelter लाई एकमात्र प्राथमिकता दिएका छन्।
- जम्मा २५.३% परिवारसँग मात्र अस्थायी संरचना निर्माणका लागि आफ्नै जग्गा उपलब्ध छ र ८.०% सँग मात्र बाढीप्रभावित क्षेत्र बाहिर वैकल्पिक घर रहेको देखिन्छ।
- परिवारको औसत सदस्य संख्या ४.७७ रहेको छ। ३-६ सदस्य भएका परिवार बहुसंख्यक (७४.६%) रहेकाले अस्थायी आश्रय संरचनाको डिजाइन (Temporary Shelter design) सोही आकारलाई ध्यानमा राखी गर्नुपर्ने देखिन्छ।

परिवारको आकार (सदस्य संख्या)	परिवार संख्या	वितरण (%)
१-२ सदस्य	१९९	९.८
३-४ सदस्य	८७१	४३.
५-६ सदस्य	६४१	३१.६
७-८ सदस्य	२०८	१०.३
९ र सोभन्दा बढी सदस्य	१०३	५.१
उत्तर नदिएका	५	०.२
जम्मा	२,०२७	१००

- यो प्रतिवेदन NDRRMA मा पेश भएको मिति २०८३ भदौ २६ को मन्त्रिपरिषद्को मासिक घरभाडाको रुपमा बाढी पिडितहरुलाई रु. १५,००० प्रतिपरिवार दिने निर्णय पश्चात् अस्थायी आवासमा आश्रय लिन इच्छुकको संख्या अझ धेरै घट्न सक्ने भन्ने व्यहोरा स्थानीय तह प्रमुखहरुबाट प्राप्त भएको।

Transitional Shelter को प्रगति


- DUDBC को मिति २०८३।०६।१५ को निर्णयअनुसार गठित समितिहरुबाट अन्यत्र पनि उपयोग गर्न सकिने Foldable Prototype को अस्थायी प्रकृतिको Transitional Shelter को Architecture Drawing, Structure Drawing तथा लागत अनुमान तयार भई स्वीकृतिको प्रक्रियामा रहेको छ।
- विभागद्वारा तयार भएको Emergency Transitional Shelter सहित UN-Habitat लगायतका साझेदारहरुको सहकार्यमा तयार भएका Prototype Design का विभिन्न Options का सम्बन्धमा NDRRMA मा छलफल भएको छ।
- विभागबाट गठित समिति र सघन शहरी तथा भवन निर्माण आयोजना धादिङ्गबाट अस्थायी आवास निर्माणका लागि सुरक्षित स्थानहरुमा Land Development को कार्य भइरहेको।
- Resettlement तथा Shelter व्यवस्थापन कार्ययोजना, २०८३ र विस्तृत क्षति आकलन कार्ययोजना तयार गरिएको छ।

होल्डिङ सेन्टरको घटना भएदेखि हालसम्म बसोबास प्रभावित संख्या

मिति	होल्डिङ सेन्टरको सङ्ख्या	व्यक्तिको सङ्ख्या
भाद्र १२	१२	२५४७
भाद्र १३	१२	२५४७
भाद्र १४	१२	२५४७
भाद्र १५	१२	२५४७
भाद्र १६	२७	३७७९

मिति	होल्डिङ सेन्टरको सङ्ख्या	व्यक्तिको सङ्ख्या
भाद्र १७	३४	३९४८
भाद्र १८	३८	४५२१
भाद्र १९	४०	३८७३
भाद्र २०	३९	३९१२
भाद्र २१	३९	३५३३
भाद्र २२	३७	३६२९
भाद्र २३	३४	३३२८
भाद्र २४	३४	३३९५
भाद्र २५	३५	३५४७
भाद्र २६	३७	३७४९
भाद्र २७	३७	३७६१
भाद्र २८	३३	२५३४
भाद्र २९	३३	२४१८
भाद्र ३०	३०	२१५५
भाद्र ३१	२९	२०९६
असोज ०१	२७	१७४३
असोज ०२	२३	९६३
असोज ०३	२४	१३४२
असोज ०४	२०	१२३१
असोज ०५	२१	१२१५
असोज ०६	२१	११३४
असोज ०७	२१	१११२
असोज ०८	२१	११०७
असोज ०९	२१	१११३
असोज १०	२१	११०९
असोज ११	२१	११०५
असोज १२	२०	१०९८
असोज १३	२०	१११०
असोज १४	२०	१११८
असोज १५	१७	१०८५
असोज १६	१६	१०६६
असोज १७	१६	१०४६
असोज १८	१४	१००८
असोज १९	१४	९९४
असोज २०	१४	९९८
असोज २१	१४	९९८

मिति	होल्डिङ सेन्टरको सङ्ख्या	व्यक्तिको सङ्ख्या
असोज २२	१४	१०१०
असोज २३	१४	१०१०
असोज २४	१४	१०१०
असोज २५	१४	१०१०
असोज २६	१४	१०१०
असोज २७	१३	९४३
असोज २८	१३	९४३
असोज २९	१३	९४३



देखिएका समस्या तथा चुनौतीहरु

- मन्त्रिपरिषद्को मासिक रु. १५ हजार उपलब्ध गराउने निर्णयपछि अस्थायी आवासभन्दा घरभाडामा बस्नेको संख्या धेरै भएकाले अस्थायी आवासको माग अपेक्षाकृत कम हुन गएको।
- धेरै प्रभावित पालिकाबाट अस्थायी आवासका लागि कम माग भएकाले आवश्यकताको यथार्थ आकलन र योजना निर्धारणमा चुनौती देखिएको।
- सर्वेक्षण (२०८३ भाद्र २३-३१) र परिवारको वर्तमान अवस्थाबीच समयको अन्तर हुँदा आवश्यकता परिवर्तन हुने जोखिम रहेको।
- Transitional/Temporary Shelter निर्माणका लागि प्रस्तावित जग्गा सरकारी मात्र नभई अन्य जग्गा पनि हुन सक्ने हुँदा भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त प्रतिवेदनका आधारमा ती जग्गाको Suitability analysis गर्नुपर्ने।
- Holding Center, सुरक्षित स्थान तथा वितरणसम्बन्धी तथ्यांक निरन्तर अद्यावधिक (GIS सहित) गर्नुपर्ने।
- Transitional Shelter का Prototype Design का विभिन्न Options बारे सहमति र निर्णय प्रक्रिया तथा निर्माणका लागि सार्वजनिक सूचनापश्चात्को कार्यान्वयनमा समय लाग्ने।
- प्रभावित क्षेत्रमा राहत, आश्रय निर्माण तथा सहयोग सामग्री पुऱ्याउन सडक सञ्जाल जतिसक्दो छिटो जोड्नुपर्ने आवश्यकता देखिएको।

सिकाइहरु

- नगद सहयोग जस्ता सरकारी निर्णयले आवास आवश्यकताको प्रकृति परिवर्तन गर्ने हुँदा सर्वेक्षण र योजनालाई समयानुकूल पुनरावलोकन गर्नुपर्ने।
- विपद पश्चात सुरुमै सुरक्षित स्थान पहिचान, Data Collection र existing emergency center को नक्साङ्कन गर्दा राहत वितरण तथा अस्थायी आश्रय योजनामा सहजता आएको।
- मन्त्रालय तथा विभागले टोली गठन गरी डिजाइन, लागत अनुमान र Land Development समानान्तर रुपमा अगाडि बढाउँदा तयारी छिटो भएको।
- प्रारम्भिक चरणमै एकीकृत प्रतिक्रिया रणनीति (Response Strategy) र Resource Mapping तयार गर्दा साझेदार संस्थाबीच कार्यको दोहोरोपन रोक्न सहयोग पुगेको।
- साझेदार संस्थाका लागि एकीकृत प्राविधिक मार्गदर्शन तयार गर्दा सहयोगको कार्यशैलीमा एकरुपता कायम हुने।
- विज्ञ तथा सरोकारवालासँगको अनुभव आदानप्रदान र पालिकासँगको निरन्तर समन्वयबाट वास्तविक माग यकिन गर्न आवश्यक देखिएको।

- सरकार, सहकार्य साझेदार तथा क्लष्टर लिड/को-लिडबीच नियमित समन्वय र एकीकृत तथ्यांक व्यवस्थापन प्रभावकारी हुने।

आगामी कार्यदिशा तथा थप पहल

- Transitional/Temporary Shelter निर्माणका लागि प्रस्तावित जग्गाको स्थलगत रुपमा उपयुक्तता (Suitability) जाँच गर्न शहरी विकास तथा भवन निर्माण विभागबाट टोली खटाई कार्य अगाडि बढाइएको।
- अस्थायी आश्रय (Temporary/Transitional Shelter) का विभिन्न संघसंस्थाबाट पेश भएका थप Prototype Design का विकल्पहरुको Drawing, Design र लागत अनुमान चेकजाँच गर्ने कार्य भइरहेको।
- राहत वितरण, तथ्यांक संकलन तथा Shelter निर्माणका कार्यलाई सम्बन्धित साझेदार संस्था र स्थानीय तहसँगको समन्वयमा थप प्रभावकारी बनाउनुपर्ने।

शिक्षा क्षेत्र (Education Cluster को रिपोर्ट कार्ड अनुसार)

१. **मुख्य प्रगति विवरण**

अस्थायी सिकाइ केन्द्र (TLC) स्थापना:

- धादिङ र नुवाकोटका ५ वटा स्थानीय तहहरुमा खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) सुविधासहित ५६ वटा TLC स्थापना गरिएको छ। यसबाट १,६०० भन्दा बढी बालबालिकाको पठनपाठन निरन्तर भएको छ।
- नुवाकोटका २ वटा विद्यालयहरुमा १२ वटा Semi-Permanent शौचालय निर्माण गरी ६०० भन्दा बढी बालबालिकालाई लाभान्वित तुल्याइएको छ।

शैक्षिक सामग्री तथा किट वितरण:

- प्रभावित क्षेत्रका ८ स्थानीय तहका विद्यालयहरुमा ६२ वटा प्रारम्भिक बालविकास किट (ECD Kit) वितरण गरिएको छ, जसबाट ५५२ बालिका सहित कुल १,१४५ जना बालबालिका लाभान्वित भएका छन्।
- शिक्षकहरुका लागि २१७ वटा विद्यालय किट र निजी विद्यालयका विद्यार्थीसमेत गरी कुल ५,५५७ जना विद्यार्थी (२,७२८ बालिका) लाई विद्यार्थी किट वितरण गरिएको छ।

मानव संसाधन तथा स्वयंसेवक परिचालन:

- धादिङ, नुवाकोट र काठमाडौँ (जहाँ प्रभावित क्षेत्रबाट बालबालिका अध्ययनका लागि आएका छन्) का शिक्षक अभाव भएका विद्यालयहरुमा कुल ३५ जना स्वयंसेवक (१६ जना स्वयंसेवी शिक्षक र १९ जना ECD स्वयंसेवक) परिचालन गरिएको छ।
- विद्यालय मर्मत, सरसफाइ तथा पुनःसञ्चालन:
- सामान्य क्षति भएका १२ वटा विद्यालयहरुमा रहेका भग्नावशेष हटाई, सरसफाइ तथा कीटाणुशोधन (Disinfection) गरी विद्यालय पुनः सञ्चालनमा ल्याइएको छ।

मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग (MHPSS):

- २,१८३ जना बालबालिका (१,०६२ बालिका) लाई विद्यालयमा आधारित मनोसामाजिक परामर्श/सहयोग प्रदान गरिएको छ।
- प्रभावित विद्यालयका ३६० जना शिक्षकहरुलाई मनोसामाजिक प्राथमिक सहायता (Psychological First Aid - PFA) सम्बन्धी अभिमुखीकरण प्रदान गरिएको छ।

२. **मुख्य समस्या तथा चुनौतीहरु**

- चुनौती: पहिले विद्यालय रहेको स्थानमा क्षति पुगेको वा भौगोलिक रुपमा असुरक्षित भएकाले अस्थायी सिकाइ केन्द्र (TLC) स्थापनाका लागि पर्याप्त स्थानको अभाव भएको थियो।
- समाधानका प्रयास: सुरक्षित स्थान पहिचान तथा खोजी गर्न स्थानीय तह र सम्बन्धित विद्यालय व्यवस्थापन समितिसँग समन्वय गरी उपलब्ध र सम्भव भएका सुरक्षित स्थानहरुमा TLC हरु स्थापना गरियो।

विद्युत् तथा ऊर्जा पुनर्स्थापना

१. **मुख्य प्रगति विवरण**

